म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४३ बुधवार १० साउन २०८० ने. सं. ११४३ अनलागा 26 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डीसीको जग्गामा वन कार्यालय भवन बन्ने

हेटौंडा, ९ साउन/नेपाली चलचित्रका नायक तथा समाजसेवी मनहरी गाउँपालिका-७ निबासी बीरेन्द्र डीसीले राक्सिराङ गाउँपालिका-५ मा आफ्नो स्वामित्वमा रहेको जग्गा नेपाल सरकारलाई दान गरेका छन् । सव डिभिजन वन कार्यालय राक्सिराङको कार्यालय भवन निर्माणका लागि २ कठ्ठा जग्गा दान गरिएको नायक डीसीले बताए । मेरा स्वर्गीय बुवा ज्ञानबहादुर डीसी र आमा धनलक्ष्मी डीसीको सम्फनामा जग्गा दान गरेको हुँ', नायक डीसीले भने ।

नेपाली चलचित्रहरुमा अभिनयसँगै समाजसेवामा लागिरहेका डीसीले मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिलाई पनि साधारणसभा तथा अधिबेसनको अबसरमा रकम सहयोग गरेका थिए । राक्सिराङमा डीसीले दान गरेको जग्गामा नयाँ भवन निर्माण कार्य पनि सुरु गरिएको छ । गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, सव डिभिजन वन कार्यालय राक्सिराङका प्रमुख दिनेश सत्यालसहितका अगुवाले भवनको सिलान्यास गरेका हुन् ।

# बहुप्राविधिक शिक्षालय निर्माणमा चरम ढिलासुस्ती

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/भारत सरकारको सहयोगमा हेटौंडामा निर्माण थालिएको बहुप्राविधिक शिक्षालय निर्माण कार्य अत्यन्तै सुस्त गतिमा भइरहेको छ । सम्झौता अवधि थप गरिए पनि भारतीय निर्माण कम्पनीकै ढिलाइले हालसम्म ४२ प्रतिशत मात्रै काम सकिएको छ ।

प्राविधिक जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेर निर्माण थालिएको महाविद्यालयको काममा भारतीय ठेकेदारकै लापरवाही देखिएको छ । प्राविधिक जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७६ कात्तिक १९ गते बहुप्राविधिक महाविद्यालयको सिलान्यास गरेका थिए ।

हेटौंडा-६ गौरीटारस्थित चित्रेपानी सामुदायिक वन समूहको जमीनमा बहुप्राविधिक महाविद्यालय निर्माण गर्न सन् २०१९ अगस्ट ३१ मासम्झौता भएको थियो । ३६ करोड ५२ लाख ८६ हजार भारतीय रुपैयाँमा टेलिकम्युनिकेशन ईन्डियाले भवन निर्माणको ठेक्का पाएको थियो ।

नेपाल भारतमैत्री बहुप्राविधिक शिक्षालयका प्रमुख टीकाराम तिमल्सिनाले पूर्णरुपमा संरचना तयार भइनसक्दा पनि अध्ययन भने गराइरहेको बताए ।



सन् २०२१ अगस्ट ३० सम्म निर्माण सम्पन्न गर्ने सम्झौता थियो । तर, निर्माणमा देखिएको चरम ढिलाइले १८ महिना समय थपियो । २०२२ जुलाई ३१ भित्रै निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता भएपनि भारतीय निर्माण कम्पनीले भुक्तानी नदिँदा काम गर्न नसकिएको नेपालको शान्ति आरोग्य जेभी निर्माण कम्पनी प्रालिको दाबी छ ।

निर्माण कार्यको जिम्मा लिएको शान्ति आरोग्य कम्पनी प्रालिका साइट इन्जिनियर दिनेश सापकोटा भन्छन्- काम तीब्रगतिमा हुन सकेको छैन । उनले तीनवटा बिल पेश गरेपनि भुक्तानी हुन नसकेको गुनासो गरे । कन्सल्टेन्सीले दिएको 'बिओक्यू' अनुसार कामको परिमाण नमिलेका कारण पुन:संशोधन गर्नुपर्ने भएको र सोका लागि अनुमति पाउन नसकेको सापकोटाले जानकारी दिए ।

१७ हेक्टर जग्गामा बहुप्राविधिक महाविद्यालयका भवनहरु बनिरहेका छन् । प्रशासनिक र प्राज्ञिक भवन, सभाहल, पुस्तकालय, आवासीय भवन निर्माण भइरहेको छ । थप गरिएको समय गुज्रेर एक वर्ष हुँदा महाविद्यालय निर्माणको भौतिक प्रगति ४२ प्रतिशत पुगेको बताइएको छ । लामो तथा छोटो अवधिका प्राबिधिक शिक्षा दिएर युवालाई स्वरोजगार बनाउने योजना सहित स्थापना भएको शिक्षालयको प्रगति निराशाजनक रहेको स्थानीयले बताएका छन् ।

पुन: म्याद थप्नका लागि परराष्ट्र मन्त्रालय र भारतीय दुतावासामा पत्राचार गरिएको छ । संरचना बनेपछि ३ वर्षे डिप्लोमा मेकानिकल, मेकाथ्रोलिक्स र अटोमोबाइल विषय पढाइ हुने नेपाल भारत मैत्री बहुप्राविधिक शिक्षालयका प्रमुख तिमल्सिनाले बताए । नेपालको मध्य तराईमा रहेका औद्योगिक प्रतिष्ठानमा आवश्यक पर्ने प्राबिधिक जनशक्ति तयार गर्ने उद्देश्यले शिक्षालय स्थापना गरिएको हो ।

संरचना बनेर हस्तान्तरण भएपछि यो महाविद्यालयबाट वार्षिक २ हजार विद्यार्थीले अध्ययनको अवसर पाउनेछन् । तर, अहिले भने स्थान अभावकै कारण ४८ जना विद्यार्थी अध्ययन गरिरहेका छन् । नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव भारत भ्रमणमा गएका बेला यो महाविद्यालय निर्माण गर्ने बिषयमा दुइदेशीय सम्झौता भएको थियो ।

नेपालमा यस्ता विद्यालय बालाजु, बुटवल, नेपालगञ्ज, विराटनगर र हेटौंडामा गरी जम्मा ५ वटा मात्र रहेका छन् । हटौंडामा निर्माण भइरहेको यो विद्यालयलाई प्राविधिक शिक्षातर्फको महत्वपूर्ण योजनाको रुपमा लिएको बागमती प्रदेश सरकारले बताएको छ । विद्यालय बनिसकेपछि २२ देखि २४ वटा संकायको पढाइ हुने बताइएको छ ।

संरचना बनिसकेपछि नेपालका मात्र नभएर अन्य देशबाट समेत विद्यार्थीहरु यहाँ पढ्न आउने प्रदेश सरकारको दाबी छ । यद्यपि प्रदेश सरकारले निगरानी नराख्दा निर्माण कार्य ढिला भई आफूहरुलाई समस्या भएको विद्यार्थीहरुले बताएका छन् ।

## राप्तिबाट मकवानपुरका घलान र थिङ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/चितवन राप्ती नगरपालिका-११ आपपानीस्थित सडकबाट लागूऔषध गाँजासहित मकवानपुरका दुई युवा पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मकवानपुर राक्सिराङ गाउँपालिका-४ बस्ने ३० वर्षीय सुदीप घलान र सोही ठाउँ बस्ने २० वर्षीय जीतबहादुर थिङ रहेका छन् ।

ईलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले आइतबार दिउँसो ७ किलो ५ सय ग्राम गाँजासहित उनीहरुलाई पक्राउ गरेको हो ।

प्रदेश २-०३-०१ प १५७६ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई गाँजासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यसैगरी, मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं.१५ म्याजिकचोकबाट लागुऔषध ब्राउन सुगरसहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा हेटौंडा-१५ फायरलाईन बस्ने २२ बर्षीय रबि बल रहेका छन् ।

गोप्य सूचनाको आधारमा प्रहरीले सोमाबर साँझ बाटोमा हिडिरहेको अवस्थामा चेकजाँच गर्दा उनको साथबाट ५ दशमलव २ ग्राम ब्राउन सुगर वरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रहरीप्रमुख टेकबहादुर कार्कीले बताए ।

उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।

## अशक्तलाई ह्वीलचियर

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/सामाजिक परोपकारको क्षेत्रमा सक्रिय सहयोगी मन नेपालले एक अशक्त बिरामीलाई हिँड्डुलका लागि ह्वीलचियर सहयोग गरेको छ ।


पक्षघात भई ओछ्यानमा दिन बिताउँदै आएका हेटौंडा उपमहानगरपालिका-१८ निवासी ४० वर्षीय बद्रीबहादुर खड्कालाई ह्वीलचियर सहयोग गरिएको संस्थाका अध्यक्ष केदारप्रसाद चौलागाईले बताए । परिवारका सदस्यले ह्वीलचियर भए हिँड्डुलमा सहज पुग्ने जानकारी गराएपछि संस्थाले सहयोग गरेको हो ।

ह्वीलचियर पाएपछि अशक्त खड्काले खुसी हुँदै सहयोगी मन नेपाललाई आभार प्रकट गरे । सहयोग कार्यक्रममा संस्थाका सल्लाहकार शिवप्रसाद खनाल, सहजीकरणकर्ता रामजी थापा लगायत खड्का परिवारहरुको उपस्थिति थियो ।









साझाकुरा

## हाम्रो कुरा

# विकासको मूल प्रवाहमा वनकरिया

आधुनिक जीवनउपयोगी शीपसँग टाढा रहेका बनकरिया समुदायका दुई किशोरी एसईई परीक्षा उत्तीर्ण गरेपछि प्राबिधिक शिक्षा आर्जनमा लागे । बनकरिया समुदाबाट पहिलो पटक एसईई परीक्षा (२०७२) उत्तीर्ण गरेकी पम्फा बनकरिया नवलपरासीमा असिस्टेन्ट ल्याब टेक्निसियन पढिन् । २०७३ को एसईई परीक्षा उत्तीर्ण गरेकी संतोषी बनकरिया हेटौंडाको जनप्रिय माविमा बालिबिज्ञान पढिन् । यी दुबैजनालाई प्राबिधिक शिक्षा पढ्नका लागि दाताहरुले सहयोग गरेका हुन् । मकवानपुरको हाँडीखोलामा मात्र बसोबास रहेको २२ परिवारका ८९ जना वनकारियालाई राज्यले लोपोन्मुख सूचिमा राखेको छ । तत्कालीन जिविस, जिल्ला वन, पशुसेवा, कृषि कार्यालयले बनकरियालाई मुसेधापको कबुलियती बनमा बसोबास गर्ने व्यवस्था मिलाएपछि उनीहरुको स्थायित्व भएको हो ।

राज्यले बनकरियालाई प्रतिमहिना प्रतिसदस्य ४ हजार रुपैयाँ सामाजिक सुरक्षाबापत उपलब्ध गराउन थालेपछि पढाईमा लाग्नेको संख्या बढेको हो । जंगलमा कन्दमूल खोज्ने र खोलामा माछा मार्ने काममा व्यस्त हुने बनकरिया बालबालिका पछिल्लो पटक विद्यालयमा आकर्षित भएका छन् । बिसं १९९५ तिर हाँडीखोलाको भुन्द्रुङमा बसोबास गर्ने बनकरिया २०२० ताका बसामाडीको दारिमटारमा बसेको ईतिहास पाइन्छ । २०३० को दसकमा पूर्बपश्चिम राजमार्ग खुलेपछि बनकरियाहरु पुन: हाँडीखोला-७ को ट्वाङ्ग्रा डाँडामा बसोबास गर्न पुगेको हाँडीखोलाबासी बताउँछन् । शाहीकालका गृहमन्त्री कमल थापाले पहिलोपटक बनकरिया समुदायका १५ जनालाई नेपाली नागरिकता दिएपछि बनकरियालाई समाजले हेर्ने दृष्ट्रिकोणमा परिबर्तन आयो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई एकरात बनकरिया बस्तीमा बास बस्न गएपछि बनकरिया समुदायको सबै समस्या उनीहरुले प्रम भट्टराईसमक्ष राखेका थिए । जनता आवास कार्यक्रमअर्न्तगत वनकरियालाई घर बनाइदिन भनेर राज्यले लगातार एकदसकसम्म बजेट बिनियोजन गरेको भएपनि उनीहरुको स्वामित्वमा जमिन नभएका कारण हरेक वर्ष बजेट फिर्ता भएको थियो ।

राज्यले अतिसीमान्तकृत वर्गका नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन थालेपछि यो समुदायमा सामाजिक परिवर्तन देखिएको छ । हाल बनकरियाले करिब १० विगाहा जमिनमा धान, मकै, कोदो तथा तरकारी बाली लगाएका छन् । हरेक घरमा बत्ति, सौचालय, गोठमा गाई, बाख्रा, कुखुरा पालेर स्थायी बसोबास सुरु गरेका वनकरिया अहिले जंगली कन्दमुल खोज्नका लागि धेरै समय खर्चँदैनन् । वनकरियाले सामूदायिक भवन पनि बनाएका छन् । यो समुदायका दुईजना युवा वैदेशिक रोजगारीका क्रममा मलेसिया पुगेका छन् भने केही युवा काठमाडौंमा गलैंचा कारखानामा काम गरिरहेका छन् । रोजगारीमा गएकाले पठाएको पैसाले मोबाइल किनेर चलाएका छन् । अहिले वनकरिया समुदायमा टेलिभिजन पनि छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ११ गते बिहीबार २७ जुलाई २०२३ । नवमी, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : इनाम हात पर्नेछ | तुला | : सामाजिक दायित्व बढ्नेछ |
| वृष | : श्रम खेर जानेछ | वृश्चिक | : काममा सहयोग मिल्नेछ |
| मिथुन | : पढाइमा प्रगति हुनेछ | धनु | : अनावश्यक खर्च हुनेछ |
| कर्कट | : उत्साहमा कमी आउनेछ | मकर | : चिताएको काम बन्नेछ |
| सिंह | : आफन्तबाट धोका हुनेछ | कुम्भ | : नसोचेको फाइदा पाइनेछ |
| कन्या | : प्रतिष्ठित काम पाइनेछ | मीन | : चुनौतीहरु बढ्नेछन् |

# दलाल अर्थतन्त्रको दलदलमा देश



✍ रामचन्द्र उप्रेती

नेपाली अर्थतन्त्रका बाह्य सूचक राम्रो भए पनि आन्तरिक सूचक समस्याग्रस्त बन्दै गएका छन् । बाह्य सूचक भनेको देशमा विदेशी मुद्राको सञ्चिति आवश्यकता अनुसारको हुनु हो । यो सकारात्मक अवस्था हामीले विदेशमा वस्तु तथा सेवा निर्यात गरेर आएको होइन । विदेशी वस्तु र सेवा आयात गर्नु नपरेर बचेको पनि होइन ।

कमसल र सस्तो श्रम विश्व श्रम बजारमा निर्यात गरेर आएको हो । अर्थात् हामी विश्व बजारमा सस्ता श्रमिक पठाउँछौं । ठूलो संख्यामा श्रमिक निर्यात गरेपछि आउने विप्रेषण नै हाम्रो विदेशी मुद्राको मुख्य आम्दानी बनेको छ ।

विश्व श्रम बजारमा सस्ता श्रमिक पठाउने वैध-अवैध एजेन्टको सञ्जाल गाउँका टोल-टोलदेखि सिंहदरबारसम्म छ्यापछ्याप्ती छ । एउटा श्रमिक विदेश पठाएबापत वैधानिक एजेन्टले पाउने वैधानिक कमिसन १० हजार रुपैयाँ हो । तर फ्री भिसा, फ्री टिकटमा जानेले पनि लाखौं रकम दलाललाई बुझाउनुपर्छ ।

यो 'ओपन सेक्रेट' हो । बरु यस्ता अवैध कर्म र अवैध एजेन्टबाट राज्यका वैध निकाय (राजनीतिक दल र तिनका नेता, प्रहरी, कर्मचारी, अदालत) सम्म कुनै न कुनै रूपमा कमिसनको सेवा पुगेको हुन्छ । वैधानिक सेवाशुल्क वा कमिसन त १० हजार मात्रै हो । अरू सबै दलाली रकम हो ।

विदेशमा पढ्न पठाउने भनेर खोलिएका शैक्षिक परामर्श सेवा केन्द्रले प्लस टु पास गरेका र अलिकति पैसाको जोहो गर्न सक्ने जति सबैलाई विदेशका विद्यालयमा पठाउने गरिको सञ्जाल विस्तार गरिसकेका छन् । यो कामले देशलाई चाहिने दक्ष जनशक्तिको अभाव खट्किंदो छ ।यसमा पनि अभिभावकले विना रसिदको ठूलै पैसा एजेन्टलाई बुझाउनुपर्छ ।

माथिका दुवै कामका लागि नेपाली बैंक, सहकारी र वित्तीय संस्थाले घुमाई-फिराई ठूलै लगानी गरेका छन् । विदेशमा अध्ययनका लागि जाने हुन् वा वैदेशिक रोजगारका लागि जाने हुन्, तिनले देशभित्र न उत्पादनको माहोल बनाउँछन् न सेवा विस्तारको ।

देशमा उत्पादनको माहोल कमजोर बन्दा दलाली गरेर जीविका चलाउनेहरूको स्वर बलियो बन्दै गएको छ । २०५० को दशकमा धेरै मानिससँग यातायातका साधन थिएनन् । तराईको यातायातको साधन भनेको साइकल थियो । केही हुनेखानेमा दरिनेले मोटरसाइकल प्रयोग गर्थे । त्यो बेला राजनीतिक दलले गर्ने आमहड्तालमा कहिलेकाहीं त साइकल पनि रोकिन्थे ।

मोटरसाइकल चलाउने त महाअपराधी हुन् जस्तो गरेर लखेटी-लखेटी मारपिट गरिन्थ्यो । जब मोटरसाइकल आम यातायातको साधन बन्न थाल्यो तब बन्दहड्तालमा मोटर साइकल चल्न पाउनुपर्छ भन्ने आवाज बलियो बन्न थाल्यो ।

देशमा उत्पादन बढाउन उद्योग स्थापना गर्नुपर्छ । उद्योग खोल्न चाहनेले आवश्यक जमिन, घरगोदाम, बिजुली, पानी, बाटो, सरकारी इजाजत, स्थानीय सहमति सबैको व्यवस्था आफैं गर्नुपर्छ । पूँजी नजुटाई यो सम्भव नै छैन । सुरु पूँजीको जोहो गर्नै पर्‍यो, त्यसपछि मात्रै हो बैंकले लगानी गर्ने भनेको ।

कच्चा पदार्थ, आवश्यक जनशक्ति, उत्पादित वस्तुको बजार यो सबै उद्योग खोल्नेको जिम्मा हो । उद्योग खोल्नुभन्दा चलाउनु गाह्रो हुन्छ, वस्तु उत्पादन गर्नुभन्दा बजारमा बेच्नु र टिक्नु गाह्रो हुन्छ । त्यसैले खुलेका सबै उद्योग टिक्छन् नै भन्ने हुँदैन ।

यस्तो जोखिम मोलेर वास्तविक उद्योग खोल्ने मानिस धेरै हुँदैनन् । ती थोरै मानिस नै आज सामाजिक अपराधी जस्ता भएका छन् । यसले यत्रो उद्योग खोलेको छ, कहाँबाट पैसा ल्यायो ? यो ठगेको पैसा हो, यसलाई छोडनुहुँदैन ! सामाजिक भाष्य र मान्यता यस्तै बनेको छ ।

उद्योग खोल्ने उद्योगीप्रति समाजको नजर सकारात्मक छैन । उद्योगका छिमेकी हुन्छन् । उद्योग समुदायमा हुन्छ । सरकारी अनुमतिको आवश्यकता पर्छ । स्थानीय समुदायको सहमति चाहिन्छ, बिजुली चाहिन्छ । मनैदेखि भन्दा यी सबै उद्योगमा दुश्मन हुन् ।

यीमध्ये कसैले पनि उद्योगलाई सहयोग गर्दैनन् । उल्टै जग्गा किन्दा होस् वा घरगोदाम निर्माण गर्दा होस्ह सरकारी इजाजत लिंदा होस् वा स्थानीय सहमति लिंदा होस् सबैले दु:ख दिएर पैसा असुल्ने उपाय खोज्छन् । यी सबै झमेला पार गरेर उद्योग सञ्चालन भएछ नै भने फेरि नियमित दु:ख दिने उपाय खोजिरहन्छन् ।

त्यसैले उद्योगी बन्न हत्तपत्त कोही चाहँदैनन् । तर, उद्योग र व्यवसाय सञ्चालकसँग दलालीको पैसा माग्न सबै आउँछन् । जग्गा किन्दा दलाल, बिजुली जोड्न अतिरिक्त पैसा, लाइसेन्स लिन अतिरिक्त पैसा, स्थानीय सहमति लिन स्थानीयलाई खुसी पार्न पैसा, बाटो बनाउन पैसा, बाटो हिंड्न वा प्रयोग गर्न पैसा आदि ।

उद्योग चलाउनेले अरू धेरै जनालाई पाल्नुपर्छ र ती पालिनेले पाउने पैसा भनेको दलालीको हो, कामको पैसा होइन । त्यसैले विना सरोकारका दलाल पालेर उद्योग खोलेर जोखिम लिनुभन्दा पैसा हुनेले बैंकमा राखेर ब्याज खान रुचाउँछन् । पैसा नहुनेले ऋण काढेर उद्योग खोल्नुभन्दा विदेश जान मन पराउँछन् ।

निर्माण व्यवसाय देशको ठूलो उद्योग हो । यसले धेरै मानिसलाई रोजगारी दिएको हुन्छ । तर, त्यहाँ देशको (तीनै तहका सरकारको) जति बजेट छुट्टिएको हुन्छ त्यसको ५० प्रतिशतको पनि वास्तविक काम हुँदैन । बाँकी सबै दलालले खान्छन् । यस्ता दलालहरूमा बजेटमा पैसा राखिदिने, निकासी गर्ने, इन्जिनियर, सामाजिक-राजनीतिक व्यक्ति, स्थानीय गुण्डा सबै पर्छन् ।

यस्ता दलालको बिगबिगीका कारण निर्माण क्षेत्रको काम लथालिङ्ग भएको छ । कृषि उद्यमको हालत उस्तै छ । कृषि उत्पादन बढाउन कृषि उद्यमीको आवश्यकता पर्छ । जोखिम मोलेर कृषि उद्यमी बन्न चाहनेको सबैभन्दा ठूलो समस्या भनेको बजार हो । कृषि पेशामा चाहिने ज्ञान, सीप र प्रविधिको कमी हो । स्थानीय पालिका सरकारले आफ्नो पालिकामा भएका कृषि उद्यमीको सूची बनाउने, उत्पादित वस्तुको सूचना एकीकृत गर्ने र बजारसँग जोड्ने मात्रै काम गरे पनि कृषि उद्यमीका लागि ठूलै गुन लाग्नेथियो ।

पालिकाले आफ्नो क्षेत्रमा भएको उत्पादनको ब्रान्डिङमा सहयोग गर्ने, बजारसम्म पहुँच पुर्‍याउन सहयोग गर्ने गरे पनि राम्रै हुन्छ । कृषि उपजको आयु लम्ब्याउन उद्योगको स्थापनामा सहजीकरण मात्रै गरे पनि हुन्छ । कृषि उपजमा आधारित अलि ठूला उद्योग स्थापना गर्न प्रदेश र केन्द्र सरकारले दलालीका गाँठो फुकाइदिंदा पनि सहयोग हुन्छ ।

देशभित्र खुलेका चामल, तेल, पीठो, दाल उद्योग बन्द हुने र विदेशबाट यिनै वस्तु आयात गरेर भान्सा चलाउनुपर्ने अवस्था किन आउँछ भने उद्योगीले दलाल पाल्न नसकेर हो । दलाल पाल्दापाल्दै उत्पादन लागत बढी पर्ने र बजारमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आएको छ ।

कृषि बजारमा किसानले आफ्ना उत्पादन लगेर बेच्ने ठाउँ पाउँदैनन् । कृषि बजारका कोठा दलालले कब्जा गरेका छन् । किसानले न उत्पादन लगेर राख्न सक्छ न आफ्नो उत्पादनको सूचना लिएर क्रेता खोजिदिने काममा कसैको सहयोग नै प्राप्त हुन्छ ।

यस्तो अवस्थामा किसानले आफ्ना उत्पादन लागत मूल्यभन्दा कममा बेच्नुपर्ने बाध्यता छ । त्यसैले कृषि उद्यमी टिक्न सकेका छैनन् । उनको उत्पादनमा दलालको रजाइँ छ । यो वर्ष सफल किसान भनेर राज्यका निकायले सम्मानित गरेको कृषि उद्यमी दुई वर्षपछि विदेश पलायन भएको सुन्नुपर्छ ।

स्वास्थ्य क्षेत्रको दलाली एम्बुलेन्स ड्राइभरबाटै सुरु हुन्छ । कतिपय स्वास्थ्य केन्द्र र अस्पतालहरू उपचार गर्नभन्दा महँगा अस्पतालमा 'रेफर' गर्न सहज मान्छन् । उपचार गरेर भन्दा 'रेफर' गरेर नै कमाइ हुन्छ भने किन उपचार गर्ने ?

सबैतिर दलालका लागि पैसा छुट्याउनुपर्ने भएपछि वस्तु र सेवा महँगो हुने नै भयो । प्रतिस्पर्धामा कोही टिक्नै नसक्ने अवस्था प्रतिदिन बन्दै गएको छ ।

बोइङदेखि पानीका बोटलसम्मको सरकारी खरिदमा दलालीको पैसा भुक्तान नगरेसम्म कसैको पैसाको चेक काटिँदैन । चेक काटिहालेछन् भने त्यो प्राप्त हुँदैन । सरकारले गर्ने विकास खर्च र सेवाको भुक्तानी असारमा नै गर्नु वा हुनुको मुख्य कारण दलालीको पैसा हो ।

चेक असार २४ को मितिमा काटे पनि कमिसनको ग्यारेन्टी नभई कुनै पैसा सहजै भुक्तानी हुन्छ भनेर कसैले विश्वासै गर्दैनन् । सरकारको यो रवैया अरू संघ-संस्थामा सर्दै गएको छ । गाउँदेखि केन्द्रसम्मका राजनीतिक कार्यकर्ताको पालिने स्रोत बन्ने गरेको छ, दलाली खर्च ।

त्यसैले उनीहरू कर्मचारीलाई हातमा लिन्छन् र चोचोमोचो मिलाउँछन् । जसले सेटिङ मिलाउन जानेन वा सकेन उसका लागि यो देशमा सानातिना काम गर्न पनि ठूलै पहाड उक्लेसरह पसिना बगाउनुपर्छ ।

दलालीको दलदलबाट देशलाई माथि नउकासेसम्म देशमा उद्यम विकासमा सकस छ । उद्यमी बन्न आँट गर्ने मानिस हुने छैनन् । जो नबुझी आँट गरेर उद्यमी बने ती टिक्ने अवस्था छैन जो टिके ती महान् हुन् वा तिनको असली धन्दा अर्कै छ भनेर बुझ्नुपर्ने अवस्था छ ।

जबसम्म उद्यमीको विकास र सम्मान हुँदैन तबसम्म देशमा उत्पादन हुँदैन । जबसम्म उत्पादनमा देश अगाडि बढ्दैन तबसम्म सस्ता श्रमिकले पठाएको विप्रेषण (रेमिट) ले धानेको देश बन्नेछ । विदेशी वस्तु किन्ने पैसा त ढिकुटीमा होला तर देशको साधारण खर्च धान्ने पैसा नै राजस्वबाट नउठ्ने अवस्था बनेको स्थितिमा के भोलि डलरमा कर्मचारीलाई तलब खुवाउने हो ? यस्तै स्थिति आयो भने कतिदिन थाम्ला यो विदेशी मुद्राले ? सरकार, दलदलमा फसेको देशलाई दलालबाट बचाउने उपाय खोज । अन्यथा कुनै दिन धैर्यको बाँध फुट्ने र देश सामाजिक विद्रोहको दिशातिर अगाडि बढ्ने छ । त्यसले क-कसलाई बढार्ने हो भविष्यले नै बताउला ! *(साभार: अनलाइनखबर)*

# हेलमेट लगाउँदा र नलगाउँदा मृत्युदरमा कति फरक ?

✍ डा. बद्रीप्रकाश ओझा

सरकारी तथ्यांक अनुसार आव २०७८/७९ सम्म नेपालमा दर्ता भएका दुई तथा तीनपांग्रे सवारीसाधनको संख्या करिब ३२ लाख पुगेको छ । सोमध्ये अधिकांश मोटरसाइकल छन् । नेपालमा प्रयोग हुने सवारी साधनमध्ये ७९.२६ प्रतिशत मोटरसाइकलले ओगटेको छ ।

यस तथ्यांकमा बस, ट्रकलगायत ठूला सवारी साधन तथा ढुवानी साधन र ठूला यन्त्रजस्तै स्काभेटर आदि पर्दैनन् । त्यस्तै कृषिमा प्रयोग हुने स-साना हाते ट्र्याक्टर पनि पर्दैनन् । बसभन्दा बढी ढुवानी साधन प्रयोग हुने अनुमान गरिन्छ । सबै साधन जोड्ने हो भने त करिव ६० लाखकै हारहारी पुगेका होलान् ।

राष्ट्रिय सडक सुरक्षा परिषद्ले विश्व स्वास्थ्य संगठनको सहयोगमा काठमाडौंका नसा तथा स्नायु अस्पतालमा गरेको अध्ययन अनुसार ९९ घाइतेमध्ये ६२ जना मोटरसाइकलका चालक तथा यात्रु थिए । उनीहरूको टाउकोमा चोट लागेको थियो । यसका कारण थिए, मोटरसाइकल चालकले मात्र नभई त्यसमा सवार यात्रीले समेत हेलमेट नलगाउनु । लगाए पनि जस्तो किसिमले लगाउनुपर्ने हो, त्यस्तो किसिमले नलगाएको । साथै, जस्तो मापदण्ड भएको हेलमेट बजारमा उपलब्ध हुनुपर्ने हो, त्यस्तो किसिमको हेलमेट नहुनु आदि ।

परिषद्ले भियतनाममा गरिएको एक अध्ययनलाई उद्धृत गर्दै बताए अनुसार मोटर साइकलमा सवार चालक तथा यात्रीले हेलमेट मात्र लगाए पनि मृत्युदरमा ४० प्रतिशत र टाउकोमा लाग्ने चोटमा ७० प्रतिशतले कमी ल्याउन सकिन्छ । हेलमेटको अनिवार्यता गरेपछि १० वर्षको अवधिमा भियतनाममा पाँच लाख मानिस सडक परिघटनाबाट बचाउन सकिएको थियो भने १५ हजार मानिसको मृत्यु हुनबाट जोगाइएको थियो । यसबाट उक्त मुलुकले उपचार तथा पीडाको खर्चबाट साढे तीन अर्ब अमेरिकी डलर जोगाउन सफल भएको थियो ।

मोटर साइकल, स्कुटर तथा साइकल आदिका चालक तथा यात्रीको सुरक्षाका लागि राष्ट्रिय सडक सुरक्षा परिषद्ले हेलमेट प्रयोगसम्बन्धी रणनीति तयार पारेको छ । उक्त रणनीति नेपाल सरकारले स्वीकृत पनि गरिसकेको छ । परिषद्ले सन् २०२३ भर हेलमेट प्रयोगसम्बन्धी जनचेतना जगाउन विभिन्न कार्यक्रम पनि सोही रणनीतिमार्फत सार्वजनिक गरेको छ । यस कार्यमा परिषद्लाई विश्व स्वास्थ्य संगठनको नेपालस्थित कार्यालयले सहयोग गरेको छ ।

नेपालमा एकपटक यात्रीका लागि पनि हेलमेट अनिवार्य गर्ने कानुन कार्यान्वयनमा ल्याइए पनि यस कार्यमा राजनीतिक सहयोग नभएका कारण बीचमै तुहियो । यस्ता कार्यलाई प्रहरीको पेवाका रूपमा लिइन्छ । पछिल्लोपटक मापसे गरेर सवारीसाधन चलाउन नपाउने विषयलाई पनि खास भन्ने हो भने प्रहरीकै पेवाका रूपमा लिइएको पाइएको छ । प्रहरीको यस कार्यलाई पर्यटन क्षेत्रले त खुलेरै विरोध पनि गर्दै आएको छ । सरकारी पक्षबाट पनि यसलाई गम्भीर रूपमा लिएको देखिँदैन । सरकार गम्भीर भएको भए सडक सुरक्षा विधेयकलाई तुहाउने काम नगर्नुपर्ने हो ।

नेपालको सन्दर्भमा मोटरसाइकलमा सवारहरूले हेलमेट अनिवार्य लगाउनुपर्छ भन्ने जनचेतनाको कमी देखिएको छ । उनीहरू हेलमेट आफ्नो टाउको जोगाउनभन्दा पनि प्रहरीको आँखा छल्न लगाउँछन् । त्यसैले त निर्माण कार्यमा प्रहयोग हुने हेलमेट मोटरसाइकल चालकले पनि लगाएको पाइन्छ । यसका साथै हेलमेट लगाउँदा पनि यसो पुलिसको आँखा मात्र छल्ने गरी चिउँडोमा अड्याएर लगाएका हुन्छन् । त्यस्तै मोटर साइकलसहित एउटा हेलमेट किने पनि पछि बस्नेले अर्को हेलमेट लगाउँदैनन् ।

एका घरका पतिपत्नी वा आमाछोरा, दाजुभाइमध्ये चालकले मात्र हेलमेट लगाउँछन् । यसो हेर्दा पछि बस्नेको टाउको फुटे पनि केही हुँदैन भन्ने जस्तो देखिन्छ । यसमा जनचेतनाका साथै अर्को हेलमेटको मूल्यका लागि खर्चनुपर्ने पैसाको पनि भूमिका रहन्छ । यसैगरी कानुन कार्यान्वयनप्रति प्रतिबद्धताको कमी पनि अर्को एउटा कारण हो ।

काठमाडौंमै गरिएको एउटा अध्ययन अनुसार टाउकोमा चोट लागेर अस्पताल भर्ना गरिएका १८ वर्षमुनिका किशोरकिशोरी तथा बालबालिकामध्ये १२ प्रतिशत मोटरसाइकलमा यात्रा गर्दा हेलमेट नलगाएका कारण घाइते भएका पाइएको थियो ।

हेलमेटको अनिवार्यतासम्बन्धी युरोपका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक आयोगले हेलमेटले कसरी टाउको जोगाउँछ भन्नेबारे वैज्ञानिक तथ्य प्रस्तुत गरेको छ । उसका अनुसार, जब हाम्रो टाउको ठोकिन्छ, मस्तिष्कमा रहेका कोषिका छेउको हाडमा बजारिन्छन् र घाइते बन्छन् । ती घाइते कोषिका मर्छन् र तिनीहरूको सट्टामा अरु कोषिका बन्दैनन् । मस्तिष्कका कोषहरूमा हुने क्षति कहिल्यै पनि पूर्ति गर्न मिल्दैन । त्यसैले दिमागको कुनै भागमा समस्या उत्पन्न भएपछि सो भागले निर्देशन गर्ने शरीरको भागले पनि काम गर्दैन । फलस्वरूप मानिस विकलांग बन्छ । ठोकियो टाउको तर चल्दैन पूरै शरीरको एक भाग, वा एक अंग । यस विषयमा हामी सबैले गम्भीर भएर सोच्नुपर्छ ।

अफ्रिकन सडक सुरक्षा जर्नलमा प्रकाशित एक अध्ययन अनुसार, दक्षिण पूर्वी एसियामा मानिसको यातायातको पहिलो रोजाइ मोटर साइकल हो । सबैभन्दा बढी भियतनाममा ९६ प्रतिशत मानिसले मोटर साइकल प्रयोग गर्छन् भने सबैभन्दा कम थाइल्यान्डमा ६१ प्रतिशत जनसंख्याले मोटरसाइकल प्रयोग गर्दछ । यी सबै देशमा हेलमेट अनिवार्य गरिए पनि कानुन कार्यान्वयन पक्ष फितलो भएका कारण ७० प्रतिशतले मात्र हेलमेट प्रयोग गर्छन् । त्यस्तै, ती देशमा रोडक्र्यासमा ज्यान गुमाउने पनि मोटरसाइकल चालक वा यात्रु नै बढी छन् । मोटर साइकल परिघटनामा परी ज्यान गुमाउनेमध्ये सबैभन्दा बढी लाओसमा ७४ प्रतिशत र सबैभन्दा कम सिंगापुरमा ४६ प्रतिशत रहेको जर्नलमा उल्लेख छ । यस जर्नलले अधिकांश तथ्यांक विश्व स्वास्थ्य संगठनबाट साभार गरेको छ ।

यातायात व्यवस्था विभागका अनुसार नेपालमा ७१.५ प्रतिशत मानिस मोटर साइकलमा सवार गर्छन् । दक्षिण एसियाली मुलुकमा मोटर साइकलको प्रयोगको औषत प्रतिशत भने ७० छ । दुईपांग्रे सवारीसाधन र चारपांग्रे सवारीसाधनको तुलना गर्ने हो चारका तुलनामा दुई पांग्रेमा प्रतिकिलोमिटर यात्रामा परिघटनाको दर ३० गुणाले बढी हुन्छ ।

यस्तै विश्वमा चलाइनेमध्ये मात्र १० प्रतिशत सवारी सधान चलाइने क्षेत्र दक्षिण एसियामा रोडक्र्यासमा ज्यान गुमाउनेमध्ये ३० प्रतिशत पर्छन् । त्यसमध्ये ४० प्रतिशत मृत्यु मोटरसाइकल सवारहरूको हुने गर्छ । यसरी मर्नेहरूमध्ये अधिकांश गरिब तथा जोखिमयुक्त जीवन बिताइरहेका र सडकको जोखिम क्षेत्रमा बस्ने मानिस पर्दछन् । मृतक त पीडित हुन्छ नै, पूरै परिवार आर्थिक संकटको जालमा फस्छ ।

दुईपांग्रे सवारी साधनको चालक र सवार दुवैले हेलमेट लगाए मात्र ठूलो मात्रामा मानिसको ज्यान जोगाउन सकिन्छ । संयुक्त राष्ट्रसंघले सन् २००८ देखि २०२० बीचमा गरेको एक अध्ययन अनुसार त्यस अवधिमा विश्वमा ३४ लाख मानिसले मोटर साइकल यात्रामा जीवन गुमाए । ती यात्री तथा चालकले मापदण्ड अनुसारको हेलमेट लगाएको भए १४ लाख मानिसको ज्यान बचाउन सकिने उक्त अध्ययनले देखाएको छ ।

दक्षिण एसियाली मुलुकमध्ये भारतले सन् २०२१ देखि हेलमेटको मापदण्डसम्बन्धी कानुनी व्यवस्था गरे पनि अन्य दक्षिण एसियाली मुलुकमा यस्तो कानुन लागु गरिएको छैन । यो माथिको तस्बिर पनि भारतको ग्रामीण क्षेत्रकै हो । हेलमेट मापदण्ड लागु भए पनि सहरमा त्यस्तो मापदण्डमाथि ख्याल गरिएकै होला, तर ग्रामीण क्षेत्रमा प्रहरीको आँखा छल्न मात्र हेलमेट लगाइन्छ । यो क्रम बंगलादेश र नेपाल पनि उस्तै छ ।

सर्वसाधारणलाई हेलमेट प्रयोगबारे जनचेतना जगाउन नेपाल प्रहरीले मोटर साइकल तथा स्कुटर प्रयोग गर्ने र त्यस किसिमको एउटा सवारी साधनमा दुईजना चढ्ने आफ्ना कर्मचारीले अनिवार्य रूपमा हेलमेट लगाउनुपर्ने व्यवस्था गरेको छ ।

अब बिस्तारै यस क्रमलाई बढाएर दुईजना सवार दुईपांग्रे सवारी साधनमा अनिवार्य रूपमा यात्रीले पनि हेलमेट लगाउने अभियान सुरु गरिएको छ । अभियानको सुरुवात काठमाडौं महानगरपालिका र सिंहदरबार प्रवेशबाट गर्नेबारे परिषद्ले सम्बन्धित अधिकारीसमक्ष छलफल सुरु गरिसकेको छ । परिषद्ले नेपाल प्रहरीसँगको समन्वयमा हेलमेट अनिवार्य कार्यक्रमलाई बिस्तारै अन्य संगठित संस्थाजस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल उपत्यकाका स्थानीय निकायका कर्मचारी तथा सेवाग्राही हुँदै सर्वसाधारणसम्म पुग्ने र यसलाई देशव्यापी अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

आउनुहोस् तपाईंहामी पनि बाइक वा स्कुटरबाट बालबालिकालाई विद्यालय पुर्‍याउँदा होस् वा नजिकैको पसलमा किनमेल जाँदा होस्, अनिवार्य रूपमा हेलमेट लगाउने बानी बसालौं । चालकले मात्र होइन, यात्रीले पनि अनिवार्य रूपमा हेलमेट लगाऔं । प्रहरीको आँखा छल्नु मात्र हेलमेटको काम होइन । यसले हाम्रो टाउको जोगाउँछ भन्ने तथ्यलाई भित्रैदेखि मनन गरौं । आफू बचौं र पछि बस्नेलाई पनि बचाऔं ।

*(साभार: रातोपाटी)*

सार्वजनिक खर्चमा विकृति :

# तेलको कुपन खारेज गर्ने तयारीले हाकिम खुशी, ड्राइभर बेखुशी

काठमाडौं/गाडी सुविधा लिएका सरकारी पदाधिकारी र कर्मचारीले अब 'तेलको कुपन' नपाउने भएका छन् ।

अर्थ मन्त्रालयले एक कार्यविधि जारी गरेर सरकारी पदाधिकारी तथा कर्मचारीले गाडीमा इन्धन (डिजेल-पेट्रोल र मोबिल) भर्न कुपनको साटो सोझै नगद नै पाउने व्यवस्था गर्न लागेको हो । यो व्यवस्था अर्थमन्त्री डा. प्रकाश शरण महतले आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमै घोषणा गरेका थिए ।

मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०४९ अनुसार प्रधानमन्त्रीले दुई वटा गाडी र महिनामा ३४० लिटर पेट्रोल सुविधा पाउँछन् । उपप्रधानमन्त्रीले २६५ लिटर, मन्त्रीहरुले २३० लिटर, राज्यमन्त्रीले २०० लिटर तेल सुविधा पाउँछन् ।


सचिवले मासिक १०० लिटर, सहसचिवले ७० लिटर इन्धन पाउँछन् । उपसचिव र त्यसभन्दा तल्ला तहका कर्मचारीले गाडी सुविधा पाउने व्यवस्था नै नभएपनि धेरैले गाडी र इन्धन सुविधा लिइरहेका छन् ।

शहरभित्र घर-कार्यालय आउ-जाउ गर्दा गाडीमा कोटाअनुसार सबै तेल खपत नहुँदा पनि ठूलो परिमाणमा तेलको कुपन जारी हुन्छन् ।

यस्तो अवस्थामा सरकारले इन्धनको कोटा घटाउन चासो दिएन । बरु विद्यमान तेलको कोटा बराबरको नगद दिने व्यवस्था गर्न लागिएको छ । यस्तो व्यवस्था हुने भएपछि सवारी सुविधा लिने कर्मचारी उत्साहित छन् ।

**कुपनको बदमासीलाई नगदमा वैधता**

लामो सयमदेखि 'तेलको कुपन' सरकारी सवारी चालकहरुका लागि केही हदसम्म 'बोनस' जस्तै छ । कर्मचारीले इन्धन सुविधाबापत प्राप्त गर्ने कुपनमा उल्लेख भएको परिमाणमा तेल नहाली चालकहरुले अतिरिक्त लाभ लिने गरेको तथ्य 'ओपन सेक्रेट'जस्तै हो ।




यही प्रवृत्ति तोड्न भन्दै चालु आर्थिक वर्षको बजेटमा इन्धन सुविधा भुक्तानीको प्रक्रिया बदल्ने घोषणा भएको थियो । 'सरकारी सवारी साधनको सञ्चालन र व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न सरकारी सवारी सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनको सट्टा तोकिएको मापदण्डको आधारमा एकमुष्ट रुपमा नगदै प्रदान गर्ने व्यवस्थाको सुरुवात गरिने छ', बजेट वक्तव्यमा भनिएको छ ।

१ साउनदेखि नै लागु हुनुपर्ने भए पनि अर्थ मन्त्रालयले कार्यविधि जारी गर्न नसक्दा अहिलेसम्म 'कुपन प्रथा' अन्त्य भइसकेको छैन । सरकारले खर्च कटौतीका लागि नयाँ व्यवस्था प्रभावकारी हुने बताइरहे पनि सरकारी सवारी चालकहरु मान्न तयार छैनन् ।

आफूहरुले लिइरहेको 'सुविधा'माथि कर्मचारीहरुको आँखा लागेको आरोप उनीहरुको छ । एक सरकारी सवारी चालकका अनुसार अहिले कुपनमा उल्लेख भएको परिमाणमा तेल नहाल्दा पनि नेपाली सेनाको रिपुमर्दिनी र साझा पेट्रोल पम्पबाट कुपनको सट्टामा नगद नै लिन सकिन्छ । तर, त्यसका लागि पम्पमा खटिएका कर्मचारीलाई निश्चित प्रतिशत कमिसन दिनुपर्छ ।

'२०० लिटरको कपुन छ भने १०० लिटर मात्रै तेल हालेर १०० लिटरको पैसा नै लिन पाइन्छ', उनी भन्छन्, '१३देखि २० प्रतिशत प्रतिशत पैसा पम्पमै छाड्छौं, पैसा लियौं भन्दैमा त्यो चोरी होइन, कहिलेकाहीं गोजीबाटै पैसा हालेर पनि गाडी चलाइरहेका हुन्छौं ।'

उनका अनुसार धेरै सरकारी चालकले तेल र मर्मतबाट केही थप आम्दानी गर्छन् । तर, अब गाडीमा तेल हाल्न पनि कर्मचारीसँग 'ज्यू-हजुर' गर्नुपर्ने भन्दै ती चालकले भने, 'यस्तो भएपछि सरकारी गाडी चलाएको के अर्थ ?' उनी धेरैथोरै इन्धनको पैसा बचाउँदा कर्मचारीहरुको आँखा लागेको बताउँछन् ।

एक सचिवका अनुसार चालकले धेरै परिमाणमा इन्धनको कुपन बुझ्ने र कुपन मात्रै पम्पमा बुझाएर नगद लिँदै अतिरिक्त आम्दानी बनाउने गरेको विषय कर्मचारी वृत्तमा नयाँ हैन । नयाँ व्यवस्थापछि चालकहरुले उठाइरहेको अतिरिक्त लाभबापतको पैसा पनि कर्मचारीकै खल्तीमा पुग्ने भएको छ । अहिले कतिपय कर्मचारी नै कुपन लिएर चालककै शैलीमा पैसा बुझ्न पम्प पुग्छन् ।

'हामी तल्ला वर्गकाले अलि-अलि पैसा हात पार्दा माथि बसेकाको पेट पोल्यो', सरकारी सवारी चालक भन्छन्, 'कोटामा पाउने इन्धनको सबै पैसा कर्मचारीले लिने भएपछि त्यसले सरकारको खर्च चाहिँ कसरी घट्छ र ?'

विद्युत प्राधिकरणले चैत २०७८ मा २० वटा बिजुली गाडी ल्याएपछि विद्युतीय सवारीमा तेलको सुविधा पनि नपाइने र मर्मत सम्भार शुल्क ज्यादै न्यून हुने भन्दै चालकहरु त्यस्ता सवारी आफूले नचलाउने भन्दै पन्छिएका थिए । प्राधिकरणले कारवाही गर्ने बताएपछि मात्रै उनीहरू बिजुली गाडी चलाउन तयार भएका थिए ।

**कर्मचारीलाई इन्सेन्टिभ !**

अर्थमन्त्रालयका अधिकारीहरु नयाँ व्यवस्थापछि कोटामा तोकिएको भन्दा बढी परिमाणमा तेल खपत भएको देखाएर अतिरिक्त लाभ लिने क्रम भने अब रोकिने बताउँछन् ।

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्मा अब सरकारी कर्मचारीलाई इन्धनको कुपनको साटो नगद नै दिने गरी कानुनी व्यवस्था गर्न लागिएको बताउँछन् । गाडीमा लाग्ने इन्धनको खर्च सोही नगदबाटै कर्मचारीले व्यहोर्ने उनले बताए ।

'अस्वभाविक परिमाणमा तेल खपत भएको देखाएर बढी खर्च लिने गरेको कुरा धेरैहदसम्म सत्य हो', उनले भने, 'नयाँ व्यवस्थापछि कर्मचारीले इन्धन खर्चको नगद जोगाउन नै भएपनि खपत गर्न खोज्नेछन् । त्यसले कर्मचारीलाई इन्सेन्टिभाइज पनि गर्छ ।'

अर्थ मन्त्रालयले एक कार्यदल नै बनाएर इन्धन सुविधालाई नगदमै उपलब्ध गराउने गरी कार्यविधि जारी गर्न हालसालै अध्ययन सकेको छ । सहसचिव आनन्द काफ्ले नेतृत्वको समितिले अर्थमन्त्रालयमा कार्यविधिको मस्यौदा प्रतिवेदन बुझाइसकेको छ । कार्यदलले नगदमै आधारित भएर इन्धन सुविधा दिनु उपयुक्त हुने निष्कर्ष निकालेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता शर्माका अनुसार विद्युतीय गाडी चलाइरहेकाहरुलाई इन्धन सुविधा बापतको खर्च के गर्ने भन्ने विषय जटिल देखिएको छ । त्यसैगरी नियमित कार्यालय आउजाउ गर्दाबाहेक अन्य कार्यालय प्रयोजनको यात्रामा हिँड्दाको इन्धन खर्चबारे पनि निर्णय लिनुपर्ने अवस्था देखिएको छ ।

'बिजुली गाडीले त कार्यालयमै पनि सवारी चार्ज गरिरहेका हुन्छन्', उनले भने,'त्यसैले यस्तो सवारीका लागि इन्धन खर्च दिने वा नदिने भन्नेबारे निर्णय लिन कठिन भएको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# कार्म र मेनुकाको 'महानगर' भदौ ८ मा

काठमाडौं/मोहन राईद्वारा निर्देशित फिल्म 'महानगर' आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउने भएको छ । बुधबार फिल्मका मुख्य अभिनेता कार्म र अभिनेत्री मेनुका प्रधानलाई प्रस्तुत गरेर एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको हो । यो फिल्म करिब ५ वर्ष अगाडि निर्माण भएको हो । भदौ ८ गते अभिनेता सलोन बस्नेत अभिनीत फिल्म 'जय हो' पनि प्रदर्शनमा आउने तयारीमा छ ।

पहिलो पटक सन् २०२१ मा 'कलकत्ता फिल्म फेस्टिभल'मा वर्ल्ड प्रिमियर भएको 'महानगर' त्यसपछि अमेरिकाको ब्रुकलिन फिल्म फेस्टिभल र स्पेनमा एसियन फिल्म फेस्टिभलमा पनि प्रदर्शन भएको थियो । एक साँझ दुई अपरिचित पात्र (कार्म र मेनुका)को काठमाडौंमा अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमको कथालाई बुनेर फिल्म बनेको निर्देशक राईले जानकारी दिएका छन् ।




माउन्टेन रिभर फिल्मस् र गो विन् प्रोडक्सन्ससँगको सहकार्यमा मिडलवे फिल्म्सले निर्माण गरेको फिल्ममा अनोज पाण्डे, शोविता अधिकारी, जीवन बराल, परीक्षितविक्रम राणा, चन्द्र पाण्डे लगायतको पनि अभिनय छ । नरेन्द्र मैनालीको छायाङ्कन, परिक्षित झाको सम्पादन तथा पुष्पासंगमको संगीत छ । फिल्मको कार्यकारी निर्माता गोविन्द पराजुली र क्रियटिभ निर्माता नवनिधि दाहाल हुन् ।

विभिन्न सपना बोकेर महानगर भित्रिने युवाको सपना र यथार्थलाई फिल्ममार्फत अभिव्यक्त गर्ने प्रयास गरेको निर्देशक राईले बताए । 'गाउँबाट एउटा सपना बोकेर म पनि वर्षौं पहिला काठमाडौं आएको थिएँ । काठमाडौंमा बाहिरिया भएर बाँच्नु र सैर्ष गर्नुको मेरो आफ्नै भोगाइ छ । यही अनुभव र भोगाइलाई क्यामरामार्फत पर्दामा उतारुँ भन्ने सोचले 'महानगर' बनाएको हो,' राईले भने ।

# 'जुलेबी' टिजरमा चार महिलाको कथा

काठमाडौं/आगामी भदौ १ गतेबाट प्रदर्शनमा उत्रन लागेको फिल्म 'जुलेबी'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट १० सेकेण्ड लम्बाईको टिजरमा चार महिलाको कथालाई प्रस्तुत गरिएको छ । फिल्म यौन मनोविज्ञानमा केन्द्रित रहेको टिजरले संकेत गर्छ । फिल्मले तीन घटनालाई चित्रण गरेको कार्यकारी निर्माता नवीन भट्टले जानकारी दिए । टिजरले फिल्मको दृश्यभाषा बलियो रहेको छनक दिन्छ ।

एन्थोलोजी जनरामा बनेको फिल्मलाई गणेश देव पाण्डेले निर्देशन गरेका हुन् । यसअघि उनले दुई फिल्म 'मञ्जरी' र 'गाँजाबाजा'को निर्देशन गरिसकेका छन् । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा बनेको फिल्ममा सुरक्षा पन्त, निशा अधिकारी, उषा रजक, मोनिका थापा, सुशील सिटौला, पुष्कर कार्की, तुफान थापा, समीरमणी दिक्षितलगायतको अभिनय छ । फिल्मकी निर्मात्री आभा शर्मा हुन् ।

निर्देशक पाण्डे स्वयंको लेखन रहेको फिल्ममा विवेक खड्काको छायांकन, जाटवेद बनर्जीको संगीत, अन्जय खड्काको सम्पादन र साउण्ड डिजाइन उत्तम न्यौपानेको छ । डिसीएन र रिच इन्टरटेन्टमेन्टले वितरण अधिकार लिएको फिल्मको विदेशका केही देशमा प्रदर्शन अधिकार बिक्री भैसकेको जनाइएको छ । फिल्मको कथावस्तु दर्शकलाई नयाँ लाग्ने निर्देशक पाण्डेको विश्वास छ ।

# भारी बोक्दाबोक्दै अन्तर्राष्ट्रिय खेलाडी बनेका अर्जुन

काठमाडौं/सन् २०१३ को एभरेष्ट म्याराथनमा पहिलो पटक सहभागी अर्जुन कुलुङ राई छैटौं स्थानमा रहे । भारी बोकेर जीविकोपार्जन गर्दै आएका र कुनै प्रशिक्षण नलिएका अर्जुन अरुले दौडेको देखेर मात्र दौडिएका थिए ।

त्यही दौडले उनलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्यायो । गत महिना अष्ट्रियामा भएको वर्ल्ड माउन्टेन एण्ड ट्रेल रनिङ च्याम्पियनसिप (डब्लुएमटीआरसी) मार्फत पहिलो पटक अन्तर्राष्ट्रिय ट्रेल दौडमा सहभागी अर्जुन ५०औं स्थानमा रहे ।

अष्ट्रियाको इन्सवर्गमा जुन ६ देखि १० सम्म आयोजना भएको डब्लुएमटीआरसीमा नेपालबाट अर्जुन र सुनमाया बुढा सहभागी थिए । सुनमायाले चोटका कारण दौड पूरा गर्न सकिनन् । अर्जुनले भने दौडका क्रममा मांशपेशीमा समस्या आए पनि पूरा गरेरै छाडे । पहिलो पटक दौडिँदा नै ५० भित्र पर्न सक्नु अर्जुनको उपलब्धि हो ।

झण्डै एक दशकको अवधिमा अर्जुनले नेपालमै तीस भन्दा बढी प्रतियोगितामा दौडिसकेका छन् । अल्ट्रा दौडबाटै उनी नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय स्तरसम्म पुगिसकेका छन् ।

**पोर्टरदेखि डकर्मीसम्म**

सन् २०१३ मा एभरेष्ट म्याराथनमा दौडनुअघि अर्जुनले भारी बोक्ने काम गर्थे । सोलुखुम्बु महाकुलुङका अर्जुन सगरमाथा क्षेत्रमै काम गर्थे । पोर्टर काम गर्दागर्दै उनले एभरेष्टमा म्याराथन हुँदैछ भन्ने थाहा पाए ।

तर उनले त्यस बेलासम्म दौडसम्बन्धी कुनै प्रशिक्षण लिएका थिएनन् । तैपनि दौडन सक्छु भन्ने जोस उनमा थियो । कतिसम्म भने एभरेष्ट म्याराथन दौडिन तयारी स्वरुप उनले दुई दिनभित्र नाम्चेदेखि लुक्कासम्म भारी पुऱ्याएर फेरि लुक्लाबाट नाम्चे हुँदै सगरमाथा आधार शिविरसम्मको यात्रा तय गरेका थिए ।

'म्याराथन हुने थाहा पाएपछि मलाई पनि दौडिन मन लाग्यो । दौडिन मन छ भनेर दाइलाई भनें । तर तैंले सक्दैनस् भन्नुभयो । तर मैले आफ्नो काम सकेर दौडिन गएँ', अर्जुनले पहिलो पटक दौडिँदाको अनुभव सुनाए ।

पहिलो सहभागितामा शीर्ष १० मा परेपछि उनमा झन् आत्मबल बढ्यो । 'मैले पनि सक्ने रहेछु भन्ने लाग्यो । यही क्षेत्रमा प्रशिक्षण गऱ्यो भने केही गर्न सकिन्छ भन्ने लाग्यो । अनि काम गर्दै समय मिलेसम्म प्रशिक्षण गर्न थालेँ', अर्जुनले सुनाए ।

त्यसपछिका एभरेष्ट म्याराथनमा पनि उनले भाग लिन थाले । सन् २०२१ र २०२२ मा भएको एभरेष्ट म्याराथनको ६० किमी दौडमा त उनी पहिलो नै भए । एभरेष्ट म्याराथनमा सहभागितापछि अर्जुन काठमाडौं आएर प्रशिक्षण लिन थाले । अन्य दौडहरुमा पनि सहभागी हुन थाले ।

आफ्नो रहर पूरा गर्न काठमाडौं त आए । तर काठमाडौंमा जीविकोपार्जनको कुनै उपाय थिएन । श्रीमती र दुई सन्तानसमेतको लालनपालनको जिम्मेवारीमा रहेका अर्जुनले जीविका चलाउन घर बनाउने डकर्मी काम गर्न थाले । 'मैले घर बनाउने, झ्यालको सीसा हाल्ने, ढलान गर्ने सबै काम गरेँ । ढलान गर्ने काम चाहिँ गाह्रो हुने रहेछ । तर काम अनुसारको पैसा पाउने भएर ठीक लाग्यो', उनले भने ।

**नर्थ फेसको प्रायोजन**

सन् २०२२ नोभेम्बरमा मनास्लु ट्रेल रेस आयोजना भएको थियो । अर्जुन पनि त्यसमा सहभागी थिए । त्यही रेसमा उनको भेट नेपाल ट्रेल सिरिज कम्पनीकी संस्थापक प्रीति खत्रीसँग भयो । प्रीतिले नै अर्जुनलाई नर्थ फेस एडभेन्टर टिमसँग जोड्ने काम गरिन् ।

'मनास्लु रेसको क्रममा हाम्रो भेट भयो । त्यहा अर्जुनको प्रदर्शन देखेपछि हामीले उनको पोर्टफोलियो बनाएर नर्थ फेस एडभेन्चरलाई पठायौं,' उनले भनिन् । त्यसपछि नर्थ फेस एडभेन्चरले अर्जुनलाई प्रायोजन गरेको हो । मनास्लु रेस नै अर्जुनको जीवनको कोसेढुंगा भयो । उनले मनास्लु रेस पनि जिते अनि अन्तर्राष्ट्रिय रेससम्म पुग्नका लागि बाटो समेत खुल्यो ।

*(स्रोत: अनलाइनखबर)*

# सारुकको निधनबारे मलिनाको भगवानसँग प्रार्थना- 'पापीलाई ठीक पार्नुस्'

काठमाडौं/गत असार २१ गते घरमा झुन्डिएको अवस्थामा भेटिएका अभिनेता सारुक ताम्राकारको निधनको बारेमा केही दिन कलाकारहरुले सामाजिक सञ्जालमार्फत् जोरसोरले उचित छानबिनको माग गर्दै न्यायको आवाज उठाए । तर, दिन वित्दै जाँदा विस्तारै त्यो आवाज मत्थर हुन थालेको छ । प्रहरीले पनि सारुक नजिकका केही व्यक्तिहरुसँग सामान्य सोधपुछबाहेक कुनै कदम चाल्न सकेको छैन ।

सारुकको न्यायका लागि अभिनेत्री मलिना जोशीले सामाजिक सञ्जालमा पटक-पटक आवाज उठाउँदै आएकी छन् । सारुकलाई कसैले आत्महत्या गर्न बाध्य पार्ने अवस्थामा पुऱ्याएको र यसबारेमा उचित छानबिन गरेर दोषीलाई कारबाही हुनुपर्ने उनको माग छ । यसबीच, मलिनाले मंगलबार इन्स्टाग्राममा अर्को नोट लेख्दै पापीलाई आफ्नै



तरिकाले ठीक पार्न भगवानसँग प्रार्थना गरेकी छन् ।

'यो भन्नका लागि शब्द छैन कि ऊभित्रबाट कति सुन्दर थियो । उसले जोसँग पनि भेटेको थियो, उनीहरुसँग उसलाई भन्नका लागि केवल राम्रो कुरा मात्र छ । ऊ गैहाल्यो तर प्रिय भगवान् आफ्नो तरिकाबाट पापीलाई ठीक पार्नुस् । उसलाई त्यो स्वर्ग प्रदान गर्नुस्, जसको ऊ हकदार हो । माता-पिताको अत्याधिक पीडाको दर्दनाक चित्कारबाट ऊ बाहिर निस्कन पाएको छैन,' उनी लेख्छिन् ।

सारुकका पिता (सानु ताम्राकार)ले कसैलाई रुन नदिन सान्त्वना दिने कोशिश गरेको र सबैलाई हँसाउन मूर्खतापूर्ण चुट्किला भन्ने कोशिश गरेको क्षण सबैभन्दा दर्दनाक रहेको पनि उनले उल्लेख गरेकी छन् । अभिनेत्री जोशी अगाडि लेख्छिन्, 'उसका माता-पिता सुन हुन् । जीवन यति अनुचित पनि हुन सक्छ र ? ऊ एक अद्भुत माता-पिताद्वारा अत्यन्त राम्रोसँग हुर्किएको छोरा थियो ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS H.A.
LAB TECHNICIAN
RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

स्वीकृत सिट संख्या
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट

फारम शुल्क रू.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# डीना र दाहालसहित ६ उम्मेदवारलाई जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ पूर्वमन्त्रीसमेत रहेकी महालक्ष्मी उपाध्याय 'डीना', कृष्णप्रसाद दाहालसहित ६ जना उम्मेदवारलाई निर्वाचन आयोगले जरिवाना तिराउने निर्णय गरेको छ ।

गत ४ मंसिरको प्रतिनिधि सभा र प्रदेशसाभा चुनावको खर्चको विवरण सार्वजनिक नगर्ने २४ सय ३५ उम्मेदवारलाई निर्वाचन आयोगले कारबाही गर्दा मकवानपुरकी नेपाली कांग्रेस सहमहामन्त्री डीना पनि परेकी हुन् । मकवानपुरबाट प्रतिनिधित्व गर्ने शीर्ष नेतामध्ये कारबाहीमा पर्नेमा डीना हुन् । प्रतिनिधिसभाका १ हजार ३७ र प्रदेशसभाका १ हजार ३ सय ९८ जना उम्मेदवारलाई जनही १५ हजार रुपैयाँ जरिवाना लगाउने निर्णय आयोगले मंगलबार गरेको हो । डीना कांग्रेसबाट मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट निर्वाचन लडेकी थिइन् । उनी राप्रपाका दीपकबहादुर सिंहसँग पराजित भइन् ।

मकवानपुरबाट निर्वाचनमा उम्मेदवार बनेका डीनासँगै नेकपा एमालेका कृष्णप्रसाद दाहाल, जनसमाजवादी पार्टी नेपालका मनबहादुर दाहाल, स्वतन्त्र उम्मेदवार आइताराम तामाङ, सचेत नेपाली पार्टीका पंचलाल तामाङ र नेकपा मालेका उद्धवप्रसाद अधिकारीलाई जनही १५ हजारका दरले जरिवाना तोकेको हो । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मुलुकमा सुशासन र कानुन पालनादेखि समग्र विकृतिहरु सुधारको प्रतिबद्धतासहित चुनावमा होमिएका नेताहरुले चुनावपछि भने आफ्नै प्रतिवद्धता बिर्सदा कारबाहीको भागिदार बनेका छन् ।

जरिवानासहितको कारबाहीसँगै आयोगले सात दिनभित्र खर्च विवरण सार्वजनिक गरी आयोगलाई जानकारी गराउन पनि उम्मेदवारहरुलाई निर्देशन दिएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) अनुसार सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन खर्चको विवरण पेस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । ३५ दिनभित्र सार्वजनिक नगरे कारबाही गर्न सकिने व्यवस्था निर्वाचन कसुर तथा सजाय ऐनमा छ ।

आयोगले ७४ उम्मेदवारलाई पाँच लाख जरिवान लगाउने तयारी गरेको छ । चुनावको खर्च नबुझाउने र सार्वजनिक पनि नगर्ने ७४ उम्मेदवारलाई आयोगले पाँच लाख जरिवाना लगाउने तयारी गरेको छ । प्रतिनिधिसभाका ३७ र प्रदेशसभाका ३७ उम्मेदवार छन् । आयोगले केही दिनभित्र निर्णय गर्ने तयारी गरेको छ । गत स्थानीय तहका चुनावका उम्मेदवारलाई पनि आयोगले कारबाही गरेको थियो । खर्च विवरण नबुझाउने स्थानीय तहका १ लाख २३ हजार ७ सय ८३ उम्मेदवारलाई आयोगले जरिवाना लगाए पनि राष्ट्रपतिबाट आममाफी दिइएको थियो ।

# राष्ट्रिय परिचयपत्रको त्रुटि सच्याउन पैसा लाग्ने

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/जिल्ला प्रशासन कार्यालय मकवानपुरले राष्ट्रिय परिचयपत्र लिनको लागि आह्वान गरेको छ । मंगलबार प्रशासकीय अधिकृत गुणराज न्यौपानेले सूचना जारी गरी प्रशासनबाट राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराएकाहरुलाई परिचयपत्र लिन आउँन आह्वान गरेका हुन् ।

विवरण दर्ता गराएका व्यक्तिमध्ये आफ्नो मोबाइलको म्यासेज बक्समा म्यासेज प्राप्त गर्ने सेवाग्राहीले परिचयपत्र कार्ड लिन आउँदा आफ्नो सक्कल नागरिकता र विवरण दर्ता गर्दा उपलब्ध गराइएको निस्सा सहित जिल्ला प्रशासन कार्यालय मकवानपुरमा स्वयम उपस्थित हुन सूचनामा भनिएको छ । सूचनामा परिचयपत्रको विवरण सच्याउन परेमा शुल्क लाग्ने पनि उल्लेख छ । राष्ट्रिय परिचय पत्रको विवरणमा त्रुटि हुन गएमा सच्याउनका लागि ५ सय दस्तुर बुझाउनु पर्ने जनाइएको हो ।

विवरण सच्याउन दस्तुर लाग्ने भएपछि सर्वसाधारणले सामाजिक सञ्जालमा विरोध जनाइरहेका छन् । विवरण भर्दा प्रशासनका कर्मचारीले बिगारेको हुने र जरिवाना सर्वसाधारणसँग लिनु उचित नहुने भन्दै पुष्कर तिमल्सिनाले आपत्ति जनाइका छन् । भुपाल तामाङले पनि प्रशासनले बिगारेको काममा ५०० तिर्ने हामी ? भन्दै प्रश्न गरेका छन् । यस सम्बन्धमा मकवानपुरका सहायक प्रमुखजिल्ला अधिकारी नेत्रप्रसाद शर्माले कानुनमा विवरण सच्याउँदा शुल्क लिने स्पष्ट उल्लेख भएअनुसार सूचना जारी गरिएको बताए । परिचयपत्रको विवरण नागरिक आफैंले भर्ने प्रावधान रहेता पनि प्रशासनले नि:शुल्क सेवा दिइरहेको उनको भनाई थियो ।

# मनोरञ्जन क्षेत्रका श्रमिकककाे अवस्था चिन्ताजनक

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/नियमित पारिश्रमकदेखि सुरक्षाका दृष्टिकोणले मनोरञ्जन क्षेत्रमा कामगर्ने श्रमिकहरुको अवस्था चिन्ताजनक रहेको बताइएको छ ।

विश्वास नेपालको आयोजनामा भएको मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रमसम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निर्देशिका-२०७० कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय कार्यशाला गोष्ठीमा श्रमिकहरुको अवस्थालाई लिएर चिन्ता व्यक्त गरिएको हो । मनोरञ्जन क्षेत्रका श्रमिकहरु धेरै श्रमशोषणमा पर्ने गरेको विषय गोष्ठीमा उठेको थियो । विश्वास नेपालले बार, दोहोरी तथा रेष्टुरेण्ट क्षेत्रमा कार्यरत श्रमिकहरुको हक अधिकार सुनिस्चित गर्ने पेशालाई मर्यादित र सम्मानित बनाउन पहल गर्ने, श्रमिक महिलाको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्ने उद्देश्यका साथ पहलकदमीको कार्य गर्दै आइरहेको छ ।

गोष्ठीमा सहभागीहरुले मनोरञ्जन क्षेत्रका श्रमिकको अवस्था सुधार गर्न सबै स्थानीय तहसँग नियमित र निरन्तर अनुगमन तथा समन्वय आवश्यक रहेको जनाइएको छ । जिल्ला समन्वय समिति मकवानपुरका सभापति ललित घलानले सबैको सहकार्य बिना मनोरञ्जन क्षेत्रमा काम गर्नेहरुको अवस्थामा सुधार ल्याउन सम्भवन नभएको बताए । गोष्ठीमा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था अत्यन्तै नाजुक रहेको बताइन् । उनीलाई शोषण दमनबाट मुक्त गराउनको लागि सचेतना आवश्यक रहेको पुलामीले बताइन् । कला प्रदर्शन गर्न पाउनु पर्ने तर, श्रमशोषण गर्न नपाइने उनले बताइन् ।

श्रम वा रोजगार कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठले श्रम ऐन र यसमा तोकिएको पारि श्रमिक बारे जानकारी गराएका थिए । हेटौंडा उपमहानगरपालिकाको महिला बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछाने श्रमिकको सुरक्षा र अधिकारको सवालमा धेरै तयारी बाँकी रहेको बताएकी छन् । जिल्ला प्रहरी कर्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवाकेन्द्र प्रमुख चुडा खड्काले अधिकारको सवालसँगसँगै जिम्मेवारीको सवाल पनि उठाउनु जरुरी भएको बताइन् ।

विश्वास नेपालको अध्यक्ष तारा भण्डारीले प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । श्रमिकको अवस्था सुधारको लागि सरोकारवालहरुसँगै आफूहरुले नियमित सहकार्य गर्ने भण्डारीले बताइन् । मनोरन्जन क्षेत्रको लागि बनेको २०७७ को अनुगमन निर्देशिकासम्बन्धी जानकारी गराउने, अनुगमन समिति गठनका लागि कार्ययोजना तयार बनाउन पहल गर्ने, मनोरञ्जन तथा सत्कार सेवा व्यवसायमा नियमित अनुगमन गर्न पहल गर्ने उदेश्यले कार्यक्रम गरिएको अध्यक्ष भण्डारीले जानकारी दिएकी छन् ।

# आधुनिक माविद्वारा विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ हेटौंडा उपमहानगरपालिका-४, स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले एसईईमा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको छ । विद्यालयले एसईईमा सहभागी विद्यार्थीलाई सम्मान तथा भर्ना अभिमुखीकरण कार्यक्रम गरेको हो ।

आधुनिक माविबाट एसईईमा सहभागी १४ जनाले (ए प्लस), ४७ जनाले (ए), ६१ जनाले (वी प्लस), ८४ जनाले (वी), ४० जनाले (सी प्लस) र ११ जनाले (सी) ल्याएका थिए । सामुदायिक विद्यालयमा प्रथम भएको आधुनिक राष्ट्रिय माविबाट एसईईमा २५७ जना विद्यार्थी सहभागी भएका थिए । यसअघि आधुनिक मावि जिल्लामा प्रथम भएको थियो ।

'हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक' 'गुणस्तरीय शिक्षा हाम्रो प्रतिवद्धता' भन्ने मूल नाराका साथ गुणस्तरीय शिक्षा प्रदान गर्दै आईरहेको विद्यालयका प्रध्यानाध्यापक रामसागर गुरागाईंले बताए । कक्षा ११ मा विज्ञान (साइन्स) संकायमा नया भर्ना सुरु गरिएको उनले जानकारी दिए । ४५ जना सिट संख्या रहेको साइन्समा विद्यार्थीहरु धमाधम भर्ना भइरहेको उनले जानकारी दिए ।

विद्यार्थी सम्मान कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. ४ का वडाध्यक्ष नवीन सिग्देल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महमद समिम खान, विद्यालय व्यवस्थापन समिति र पिटिएका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# निर्माण व्यवसायीले प्रधानमन्त्रीलाई बुझाए ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/निर्माण व्यवसायी महासंघ बागमती प्रदेश र निर्माण व्यवसायी संघ मकवानपुरले निर्माण व्यवसायीको काम गरेर रोकिएको रकम भुक्तानी तत्काल गर्नुपर्नेलगायतका माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

निर्माण व्यवसायी महासंघ बागमती प्रदेशले बागमती प्रदेशको मुख्यमन्त्री कार्यालयमार्फत् र निर्माण व्यवसायी संघ मकवानपुरले मकवानपुरका प्रमुख जिल्ला अधिकारी मार्फत् मंगलबार ज्ञापनपत्र बुझाएको हो । सरकारले अमूर्तरुपमा म्याद थप गर्न गरेको निर्णय अस्वीकार्य भएको भन्दै निर्माण व्यवसायीहरुले सबै आयोजनाको एकमुष्ट म्याद थप गर्न माग गरेका छन् । निर्माण व्यवसायी महासंघ बागमती प्रदेशका सहकोषाध्यक्ष राजेश भेटवालले मुख्यमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाउँदै सरकारले निर्माण व्यवसायीलाई समयमा कामको भुक्तानी नगर्दा निर्माण उद्योग समस्यामा परेको बताए । यस्तै निर्माण व्यवसायी संघ मकवानपुरका कार्यबाहक अध्यक्ष सागर कटुवालले मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईलाई ज्ञापनपत्र बुझाउँदै पछिल्लो समय निर्माण सामग्रीमा भएको मूल्यवृद्धिलाई संवोधन गर्ने गरी मूल्य समायोजन गर्नुपर्ने बताएका छन् ।

प्रजिअसमक्ष ज्ञापनपत्र बुझाउन कावा अध्यक्ष कटुवालको नेतृत्वमा द्वितीय उपाध्यक्ष भवनाथ अधिकारी, महासचिव राजेन्द्रप्रसाद चौलागाई, उपमहाचिव सुरज बर्तौला, कोषाध्यक्ष अनल श्रेष्ठ, सहकोषाध्यक्ष प्रकाश लामासहितको टोली गएको थियो ।

# कम्युनिष्ट पार्टीका संस्थापक नेता कर्माचार्य सम्झिए

हेटौंडा, ९ साउन/ हेटौंडामा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्यको सम्झना गरिएको छ ।

कर्मचार्यको १० औं स्मृति दिवसको अबसरमा नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मकवानपुर शाखाले कार्यक्रम गर्दै कम्युनिष्ट पार्टी स्थापनामा उनको भूमिकाबारे चर्चा गरिएको थियो । बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान मकवानपुर शाखाअध्यक्ष प्रकाश पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बोल्दै मन्त्री मोक्तानले नरबहादुर कर्माचार्यको जीवनीको व्याख्या गर्दै कर्माचार्य जस्तै बन्न नसकेपनि उनले देखाएको बाटोमा आफू सधैं लागिरहने बताइन् ।

कार्यक्रममा बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामी छिन्तुले चारजना संस्थापकहरुले निर्माण गरेको कम्युनिष्ट पार्टी फुट्नुमा पनि सर्त र स्वार्थ नै हावी भएको बताए ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## अनुशासनमा कडाई, गुणस्तरीय पढाई
## हेटौंडा क्याम्पस
हेटौंडा -४, मकवानपुर, नेपाल

यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्काय तथा विषयहरुमा बिहानी तथा दिवा दुवै समूहमा

भर्ना खुल्यो !

नेपाली र अङ्ग्रेजी दुवै माध्यममा अध्यापन हुने

शिक्षाशास्त्र सङ्कायतर्फ
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- वातावरणीय शिक्षा
- बालविकास र सिकाई (CDL)

मानविकी सङ्कायतर्फ
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- ग्रामिण विकास
- समाजशास्त्र

व्यवस्थापन सङ्कायतर्फ
- गणित
- कम्प्युटर विज्ञान
- व्यवसायिक अध्ययन
- व्यवसायिक गणित
- लेखाविधि
- अर्थशास्त्र

साथै यसै वर्षदेखि कक्षा ११ मा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षासहित **Hotel Management** विषयमा पनि अध्यापनको लागि भर्ना खुलेको हुँदा आफ्नो सिट समयमै सुनिश्चित गर्नुहोस ।

भर्ना फाराम धमाधम वितरण भैरहेको छ !



०५७-५२०१७४, ५२६७३७, ९८४५०६७४४२, ९८४५०७०६३१, ९८४५०७१६१० विस्तृत जानकारीका लागि

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

अध्यापन हुने विषय/समूहहरु
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरु: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## Golden Opportunity For SEE Graduates To Become Skilled Technical Manpower
## शैक्षिक सत्र २०८० को नयाँ भर्ना खुल्यो !

Civil & Geomatics 3-Year Diploma Engineering Course

उत्कृष्ट नतिजाको लागि वंशगोपाल मावि, चौघडा हेटौंडा बजारबाट ६ किमि पूर्व

कक्षा ११ मा अँग्रेजी र नेपाली माध्यममा विषय समूहहरु : Science Group, Management Group, Education Group, Humanities Group

दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारी सुनिश्चितताका लागि प्राविधिक शिक्षा नै वर्तमानको आवश्यकता

सिभिल र जियोम्याटिक्स ईन्जिनियरिङ्का लागि :
फाराम बुझाउने अन्तिम : २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा : २०८०।०४।१४ गते विहान ८:०० बजे

सम्पर्क : 9845164997 / 9845029444 / 9845490602 98455988707 / 9845781156

श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
चौघडा, हेटौडा-१९, मकवानपुर, बागमती प्रदेश

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।



कक्षा ११ मा अध्यापन हुने विषयहरु:
- Science
- Management
- Education
- Humanities



हाम्रा विशेषताहरु
- दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
- सुविधा सम्पन्न कक्षा कोठाहरुमा Multimedia तथा Projector को माध्यमबाट पठनपाठन गराइने ।
- सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
- वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
- आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।

Admission Open in Class-XI

सम्पर्क: मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२० https://mmchetauda.edu.np/

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र २०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering And Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा सञ्चालन भइरहेको छ। तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

* हाम्रा विशेषताहरु :
- शैक्षिक सत्र २०७८/०७९ मा Civil Engineering धारतर्फ कक्षा १२ मा नेपाल प्रथम हुन सफल ।
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
- अत्याधुनिक Computer/Science & Civil Engineering Lab को व्यवस्था भएको ।
- Multimedia को प्रयोग गरी कक्षा सञ्चालन गरिने ।
- उपयुक्त भौतिक पूर्वाधारसहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको
- विद्यार्थीहरुको नियमित मूल्यांकन, Motivational & Counseling को व्यवस्था ।
- 'सबैको लागि शिक्षा नि:शुल्क शिक्षा' को मर्मअनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
- समय समयमा विषयगतरुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमणसमेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% Discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% Discount in monthly fee. |

**Bhutandevi Secondary School** (Technical School)

सम्पर्कका लागि : ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६ ८३०, ९८५५०७१६०७


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना